इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ४३५

## प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०६/२९

## स्वरोजगारमा रहेका व्यक्ति र अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा सहभागी हुन आवेदन दिने सम्बन्धी सुचना ।

प्रस्तुत विषयमा यस इन्द्रसरोवर गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने (स्वरोजगारमा रहेका व्यक्ति र अनौपचारिक क्षेत्रका श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम सञ्चालन हुन गईरहेको हुँदा योजनामा सहभागी हुन ईच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिन मिति २०८३/०८/०३ गते भित्र आवेदन दर्ता गर्नु हुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका निवेदन योजनामा छनौटको लागि अमान्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१, सम्पर्क नम्बर सहितको हस्तलिखित निवेदन,
२, नेपाली नागरिकताको प्रतिलिपि,
३,पासपोर्ट साईजको फोटो- २ प्रति,
४,सम्बन्धित वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनी गरेको सिफारिस
५,मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणा पत्र,
६,चेकको प्रतिलिपि,
७,अनौपचारिक क्षेत्रमा कार्यरत छु भन्ने स्वघोषणा पत्र

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

पत्र संख्या : २०८३/०८४
चलानी नं.: ४३५

## योजनामा सहभागी हुन पुरा गर्नुपर्ने आवश्यक मापदण्डहरु

१, वडाबाट प्राप्त निवेदन पालिकाको छनौट समितिले आवश्यक रुजु गरी सूचिकृत श्रमिकको अन्तिम नामावली प्रकाशन गरिनेछ।

२, अन्तिम नामावलीमा सूचिकृत श्रमिक यस चालु आर्थिक वर्ष २०८३/०८४ का लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको योगदानकर्ता सूचिमा सूचिकृत रहनेछन् ।

३, यस योजनामा सहभागी हुन प्रत्येक श्रमिकले अनिवार्य बैंक खाता खोलेको हुनुपर्नेछ ।

४,यस योजनामा सहभागी भए पश्चात योगदानकर्ताले अनिवार्य मासिक रुपमा सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्नेछ।

५, अनौपचारिक क्षेत्रका श्रमिकको तर्फबाट नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिक (रु.१२१७०/-) को ११% रकम रु. १३३८.७०/- र गाउँपालिकाको तर्फबाट ९.३७% रकम रु. ११४०.३३/- थप गरी कुल २०.३७% (रु. २४७९.०३/-) मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

६,अनौपचारिक क्षेत्रका सूचिकृत श्रमिकको खातामा जम्मा भएको रकमको विवरणको आधारमा गाउँपालिकाबाट नेपाल सरकारको औद्योगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ९.३७% (रु.११४०.३२/-) बराबरको रकम थप गरी सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

७,एक घर परिवारको एक जनाले मात्रै आवेदन दिन पाउने छ।

..........................................

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत